# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असोज ७ गते २०४८ साल (संख्या २४

## भाग ४

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रि.वि. रसायन शास्त्र केन्द्रीय शिक्षण विभागको लागि INTER NATIONAL FOUNDATION FOR SCIENCE नामक अन्तर्राष्ट्रिय संस्थाबाट उपहारस्वरूप प्राप्त डी.एम. १९८१।१२ मूल्य बराबरको वैज्ञानिक सामानको पैठारीमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ललितपुर नगरपालिकाको लागि शववाहनको निमित्त जापानबाट आयात गरिएको १८३९ सी. सी. हर्षपावर ४८ के. डब्लु. ४७०० आर.पी. एम. मूल्य जापानीज यान १,५९९,७१० बराबरको टोयोटा लाइट ए. सी. ई. भ्यानको पैठारीमा लाग्ने भन्सार महसूल एवं बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख जिल्ला अधिकारी श्री जनकराज ढुंगाना मिति २०४८।३।१२ देखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजीर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री रामबाबु घिमिरेलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु.मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, चितवनका प्रमुख जिल्ला अधिकारी श्री शिवप्रसाद शर्मा लागू औषध सम्बन्धी तालीममा मनोनयन भएकोले वैयक्तिक विवरण फाराम भर्न मन्त्रालयमा बोलाइएको हुँदा उहाँ फर्की कार्यालयमा हाजीर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका व.प्र. अ. श्री मोदराज डोटेललाई मिति २०४८।३।२१ देखि लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, धनुषाका प्रमुख जिल्ला अधिकारी श्री विमलप्रसाद कोइराला मिति २०४८।३।२ देखि मन्त्रालयमा हाजीर हुनु भएकोले सोही मितिदेखि नै लागू हुने गरी नि.से.नि ., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री श्यामप्रसाद मैनालीलाई का.मु.मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।